# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाण्डौ

मिति: २०७५/०२/२९ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---------------------------------------------------------

जिल्ला प्रशासन कार्यालय, शिक्षा विकास तथा समन्वय इकाई, इनरुवा, सुनसरीका इकाई प्रमुख खगेन्द्रप्रसाद सुवेदीले श्री आधारभूत विद्यालय, भन्टावारीका लागि विद्यालयको भौतिक सुधार कार्यक्रम अन्तर्गत बजेट पारिदिने प्रलोभन देखाइ घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीबाट खटिइ गएको टोलीले निजलाई रु.५०,०००।-(पचास हजार) घुस वापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुँदा निजले उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको देखिन आएकोले निजलाई बिगो रु. ५०,०००।-(पचास हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (ख) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता